# रोमी

## उत्तर कुञ्जी



shepherds
GLOBAL CLASSROOM

# रोमी

## उत्तर कुञ्जी

shepherds
GLOBAL CLASSROOM

# पाठ 1
# पत्रको परिचय

(1) पावलले रोमीहरूलाई यो पत्र किन लेखे?

पावलले यो पत्र रोमी विश्वासीहरूलाई आफ्नो अनि उद्धारबारे आफ्नो ईश्वरशास्त्रको परिचय दिन लेखे ताकि उनले तिनीहरूलाई भेट्न सकून् र तिनीहरूको सहायतामा नयाँ मिसन कार्य सुरु गर्न सकून्।

(2) पावलले रोममा जाने योजना किन बनाए?

पावलले रोममा भएका मण्डलीलाई  स्पेनमा मिसनेरी कार्य सुरु गर्ने आधारको रूपमा प्रयोग गर्न चाहन्थे।

(3) नयाँ करारका पत्रहरूमा *हाम्रा प्रभु येशू ख्रीष्ट* भन्ने शब्दको अर्थ के हो?

यसले भन्छ कि येशू ऐतिहासिक व्यक्ति हुनुहुन्छ, उहाँ यहूदी मसीह हुनुहुन्छ, अनि उहाँ परमेश्वर हुनुहुन्छ।

(4) पुनरुत्थानले येशूको ईश्वरत्वलाई कसरी प्रमाणित गर्‍यो?

एउटा व्यक्ति यदि ऊ परमेश्वर होइन भने आफै मृत्युबाट बौरि उठ्न सक्दैन; न ता परमेश्वरले त्यस व्यक्तिलाई जीवित पार्नुभएको थियो जसले आफूलाई परमेश्वर भएको झुटो दाबी गरेका थिए।

(5) *असभ्य* जाति शब्दको अर्थ के हो? (रोमी 1:14)

असभ्य जाति शब्दको अर्थ “विदेशी” हो, जुन युनानी संस्कृतिद्वारा कम प्रभावित भएका आदिम संस्कृतिबाट आएको व्यक्तिलाई जनाउँछ।

(6) हामी किन सुसमाचार नसुनेकाहरूको लागि ऋणी छौं?

किनभने परमेश्वरले तिनीलाई सुसमाचार सुनाउने जिम्मेवारी हामीलाई दिनुभएको छ।

(7) रोमीको पुस्तकको मुख्य अनि महत्वपूर्ण सत्यता के हो?

धर्मीचाहिँ विश्वासद्वारा नै बाँच्नेछ।

(8) रोमीको पुस्तकमा मृत्यु शब्दको अर्थ के हो?

परमेश्वरको न्याय

(9) रोमीको पत्रअनुसार परमेश्वरको न्यायबाट को बाँच्न सक्छ?

विश्वासद्वारा धर्मी ठहरिएकाहरू मात्र जिउनेछन्, अर्थात न्यायबाट बाँच्नेछन्।

# पाठ 2
# अन्यजातिहरूको त्रुटि

(1) मानिसहरूले कुन माध्यमबाट सामान्य प्रकाश पाउँछन् ?

परमेश्वरको सृष्टिलाई नियालेर

(2) पवित्रशास्त्रविना पनि सबै मानिसहरूलाई परमेश्वरको बारेमा के थाहा छ?

मानिसहरूलाई थाह छ कि परमेश्वर हुनुहुन्छ, अनि तिनीहरूले उहाँको आज्ञापालन गर्नुपर्छ, अनि तिनीहरूले अघिबाटै आज्ञा उलङ्घन गरिसकेका छन्।

(3) विशेष प्रकाश भनेको के हो?

त्यो सत्य हो जो बाइबलको प्रेरणा र ख्रीष्टको अवतारमा प्रकट भएको छ।

(4) मूर्तिपूजा के हो?

परमेश्वरको सृष्टिलाई सेवा गर्नु र पुज्नु नै मूर्तिपूजा हो।

(5) भ्रष्टताले मानिसहरूको सोचाइलाई असर गर्ने दुई तरिकाहरू बताउनुहोस्।

- यसले मानिसहरूलाई बाधा पुर्‍याउँछ जब तिनीहरूले नैतिक निर्णयहरू गर्नुपर्छ।
- यसले मानिसहरूलाई तिनीहरूको पापपूर्ण इच्छा र कार्यहरूको रक्षा गर्न प्रेरणा दिन्छ।

# पाठ 3

# इस्राएलीहरूको त्रुटि

(1) भविष्यसूचक शास्त्रले के वर्णन गर्छ?

> यसले एउटा समयको वर्णन गर्दछ जब परमेश्वरले अचानक संसारमा हस्तक्षेप गर्नुहुनेछ, दुष्टलाई दण्ड दिनुहुनेछ र आफ्ना मानिसहरूलाई मद्दत गर्नुहुनेछ।

(2) यहूदीहरूले किन परमेश्वरद्वारा कृपा पाउने आशा गरेका थिए?

> तिनीहरूले सोचेका थिए कि तिनीहरू अब्राहामका सन्तान भएकाले परमेश्वरद्वारा कृपा पाएका थिए।.

(3) एउटा व्यक्ति कसरी धर्मी ठहरिन्छ?

> एउटा व्यक्ति विश्वासद्वारा अनुग्रहबाट धर्मी ठहरिन्छ।

(4) कुनै व्यक्तिले ऊसँग बचाउने विश्वास छ भनी कसरी देखाउँछ?

> एउटा व्यक्तिले विश्वासयोग्य जीवन बिताएर ऊसँग बचाउने विश्वास छ भनी देखाउँछ।

(5) यहूदीको लागि खतनाले केलाई जनाउँछ र ख्रीष्टियनको लागि यसले केलाई जनाउँछ?

> खतना यहूदीहरूको लागि पहिचानको चिन्ह थियो, जसले उ परमेश्वरका जनहरूमध्ये एक हो भन्ने प्रमाण दिन्छ। ख्रीष्टियानहरूजि लागि खतनाले पवित्र आत्माको कामलाई देखाउने गर्दछ जब उहाँले पापीको हृदयलाई परमेश्वरलाई प्रेम गर्न र आज्ञापालन गर्न सक्षम बनाउन परिवर्तन गर्नुहुन्छ।

# पाठ 4
# सार्वभौमिक सर्तहरू

(1) "सामान्य अनुग्रह" बारे क्याल्भिनको अवधारणा व्याख्या गर्नुहोस्।

तिनले विश्वास गर्थे कि परमेश्वरले सबै मानिसहरूलाई असल काम गर्न सक्षम तुल्ताउने अनुग्रह दिनुहुन्छ। यो सामान्य अनुग्रहले एक व्यक्तिलाई उद्धारमा पुऱ्याउनसक्छ भन्ने कुरामा तिनले विश्वास गरेनन्।

(2) "अगाडि आउने अनुग्रह" बारे वेस्लीको अवधारणा व्याख्या गर्नुहोस्।

परमेश्वरले मानिसहरूलाई प्रतिक्रिया जनाउने इच्छा र क्षमता दिनुहुन्छ तर तिनीहरूको इच्छा विरुद्ध तिनीहरूलाई बचाउनुहुन्न। परमेश्वरले मानव छनौटलाई सम्भव बनाउनुहुन्छ। यो प्रत्येक व्यक्तिमा आउने पहिलो अनुग्रह हो।

(3) रोमी 3:19 मा, प्रत्येक मुखले "चूप रहोस्" भन्नुको अर्थ के हो?

यसको अर्थ कसैसँग पनि आफूलाई धर्मी ठहराउने बहाना वा आधार छैन।

(4) रोमी 3 मा यहूदीहरूको कुन ठूलो फाइदाको बारेमा उल्लेख गरिएको छ?

तिनीहरू ती मानिसहरू थिए जसले पवित्रशास्त्र प्राप्त गरेका थिए।

(5) आराधनाका रुपहरूले हामीलाई कसरी फाइदा पुऱ्याउँछन्?

आराधनाका रूपहरू हाम्रो विश्वासलाई सहयोग गर्न दिइएको छ: जब हामी ती कुराहरूलाई विश्वासमा अभ्यास गर्छौं, हामीले अनुग्रह प्राप्त गर्छौं।

(6) रोमी 3:10-18 ले के देखाउँछ?

परमेश्वरको धार्मिकता प्राप्त नगरी कोही पनि धर्मी छैन।

(7) व्यवस्थाको अधीनमा को छ? (रोमी 3:19-20)

परमेश्वरद्वारा स्वीकार्य हुनको लागि व्यवस्था पालन गर्नुपर्छ भन्ने सोंच्ने व्यक्ति व्यवस्थाको अधीनमा हुन्छ।

# पाठ 5

# धर्मीकरणको माध्यम र अर्थ

(1) बचाउने विश्वास भएको व्यक्तिले के विश्वास गर्छ?

- उसले विश्वास गर्छ कि आफूलाई धर्मी ठहराउन उसले केही गर्न सक्दैन।
- उसले विश्वास गर्छ कि ख्रीष्टको बलिदान उसको क्षमादानको लागि पर्याप्त छ।
- उसले विश्वास गर्छ कि परमेश्वरले उसलाई केवल विश्वासको सर्तमा क्षमा गर्नुहुन्छ।

(2) प्रायश्चितले कुन दुविधा समाधान गर्छ?

परमेश्वरले पापीलाई धर्मी ठहराउनुहुन्छ र अझ पनि धर्मी न्यायकर्ता बन्नुहुन्छ।

(3) प्रायश्चितले कसरी दुविधा समाधान गर्‍यो?

परमेश्वरले क्षमाको आधारको रूपमा बलिदान प्रबन्ध गर्नुभयो। विश्वास गर्नेलाई उहाँले क्षमा गर्नसक्नुहुन्छ, तर बलिदानले देखाउँछ कि परमेश्वरले पापलाई गम्भीर ठान्नुभयो।

(4) धर्मीकरण (धर्मी ठहराइनु)को अर्थ के हो?

धर्मीकरणको अर्थ पश्चात्ताप गर्ने र विश्वास गर्ने पापीलाई धर्मी ठहराइन्छ मानौं उसले पाप गरेको छैन।

(5) कसैले धार्मिकताको स्तरको रूपमा व्यवस्थालाई कसरी समर्थन गर्छ? (रोमी 3:31)

आफ्नो पापको पश्चात्ताप गरेर अनि आज्ञाकारितामा जिएर।

(6) अब्राहामलाई परमेश्वरको अनुग्रहको प्रतिज्ञा के थियो?

अब्राहामका सन्तानहरू मार्फत पृथ्वीका सबै मानिसहरूलाई परमेश्वरको अनुग्रह प्रदान गरिनेछ।

(7) दाऊदले विश्वासद्वारा धर्मी ठहरिने बारेमा के भने?

पापको क्षमामा निर्भर परमेश्वरको स्वीकृतिको वर्णन गर्दा यसको उल्लेख गरे।

(8) अब्राहामका आत्मिक सन्तानहरू को हुन्?

ती मानिसहरू जससँग बचाउने विश्वास छ।

(9) रोमी 5:15 बाट हामी कसरी थाहा पाउँछौं कि उद्धार सबैलाई प्रदान गरिएको छ?

यस पदले भन्छ कि जसरी आदमको पापले सबैलाई पापी बनायो, त्यसरी नै ख्रीष्टको प्रायश्चितले सबैलाई अनुग्रह प्रदान गर्दछ।

# पाठ 6
# पापमाथि विजय

(1) पाप के हो भनेर बुझ्नु किन महत्त्वपूर्ण छ?

पश्चात्ताप र विजय बुझ्नलाई, हामीले पाप के हो भनी बुझ्नुपर्छ।

(2) इच्छापूर्वक गरिएको पापको परिभाषा के हो?

जब कुनै व्यक्तिले जानीजानी परमेश्वरको आज्ञा भङ्ग गर्ने छनौट गर्छ, त्यो इच्छापूर्वक गरिएको पाप हो।

(3) रोमी 6मा पावलले कुन गलत विचारको जवाफ दिइरहेका छन्?

अनुग्रहको कारणले गर्दा, विश्वासीहरूले परमेश्वरको व्यवस्थाअनुसार जिउनु आवश्यक छैन।

(4) पापको लागि मर्नु भनेको के हो?

पापको लागि मर्नु भनेको अब त्यसको शक्ति र नियन्त्रणमा नहुनु हो।

(5) अनुग्रहको अधीनमा हुनुको भनेको के हो?

अनुग्रहको अधीनमा हुनु भनेको परमेश्वरको स्वीकृतिको लागि अनुग्रहमा निर्भर हुनु हो।

(6) व्यवस्थाको अधीनमा हुनुको भनेको के हो?

व्यवस्थाको अधीनमा हुनु भनेको परमेश्वरको स्वीकृतिको लागि व्यवस्थाको पालनमा निर्भर हुनु हो।

(7) परमेश्वर र पाप दुवैको सेवा गर्नु किन असम्भव छ?

परमेश्वर र पाप दुवैको सेवा गर्नु असम्भव छ किनकि तपाईं जसको आज्ञा पालन गर्नुहुन्छ त्यसको दास हुनुहुन्छ। यदि तपाईंले पापको आज्ञा पालन गर्नुहुन्छ भने, पाप तपाईंको मालिक हो, जसको अर्थ परमेश्वर तपाईंको मालिक हुनुहुन्न।

(8) पुरानो स्वभाव शब्दको अर्थ के हो?

पुरानो स्वभाव भनेको पापको स्व-केन्द्रित जीवन हो जुन स्वभावलाई एउटा व्यक्ति परिवर्तन हुँदा परित्याग गर्छ।

# पाठ 7
# दोषी ठहरिएको पापी

(1) पुरानो करारका धार्मिक र नागरिक नियमहरू अझै पनि महत्त्वपूर्ण हुनुका दुई कारणहरू बताउनुहोस्।

- ती नियमहरूले परमेश्वरको स्वभावलाई प्रकट गर्दछ, जो कहिल्यै परिवर्तन हुँदैन।
- ती नियमहरूले नैतिकताको सिद्धान्तलाई विशेष तरिकाले लागू गर्न प्रदान गर्दछ।

(2) व्यवस्थाको लागि मर्नुको अर्थ के हो?

व्यवस्थाको लागि मर्नुको अर्थ हामीले यसलाई धर्मी ठहराउने माध्यमको रूपमा पूरा गर्नु आवश्यक छैन, किनकि हामी अनुग्रहद्वारा धर्मी ठहरिन्छौं।

(3) *शरीरमा* शब्दको दुई प्रयोग के के हुन्?

- मानव, नश्वर रूपमा हुनु
- पतित, पापी स्वभावद्वारा नियन्त्रित भएको

(4) व्यवस्थाले पापलाई कसरी झनै खराब बनाउँछ?

जब पापीलाई थाह हुन्छ कि ऊ दोषी छ, उसले बारम्बार गरेको पाप (परमेश्वरको व्यवस्थाप्रति अनाज्ञाकारी) अब जानीजानी गरेको विद्रोह बन्छ।

(5) सुसमाचार प्रचारको लागि व्यवस्था किन उपयोगी छ?

एउटा व्यक्तिले परमेश्वरको व्यवस्थाद्वारा दोषी ठहरिएको महसुस गर्दा उसले उद्धारको आवश्यकता देख्छ।

# पाठ 8
# आत्मामा जीवन

(1) व्यवस्था उद्धारको माध्यम हुनु किन असम्भव थियो?

अविश्वासीले व्यवस्था पालन गर्न सकेन।

(2) विश्वासी अब शरीरमा रहँदैन भन्नुको अर्थ के हो?

ऊ यसको नियन्त्रणमा छैन, र परीक्षाको प्रतिरोध गर्ने शक्ति छ।

(3) ख्रीष्टियनको जीवनलाई व्यवस्थाले कसरी निर्देशन गर्छ?

यो देखाएर कि परमेश्वर चाहनुहुन्छ कि हामीले कस्तो जीवन जिउनुपर्छ।

(4) आत्माको साक्षी के हो?

परमेश्वरको आत्माले हामीलाई पुष्टि गर्नुहुन्छ कि हामी परमेश्वरसँगको मायालु, आज्ञाकारी सम्बन्धमा छौं र हामीले उद्धार पाएका छौं भन्ने साक्षी हामीलाई दिनुहुन्छ।

(5) अन्तिम उद्धार के हो?

सृष्टिको अन्तिम, पूर्ण पुनर्स्थापना

(6) शारीरिक पुनरुत्थानको सिद्धान्तलाई अस्वीकार गर्दा कुन दुई विपरीत चरम सीमाहरू निम्त्याउँछ?

1. शारीरिक इच्छाहरूलाई अत्याधिक दमन, मानौं ती सबै दुष्ट वा खराब छन्।

2. शारीरिक इच्छाहरूलाई बेवास्तापूर्वक भोग्नु, मानौं ती सबै हानीरहित छन्।

(7) विश्वासीको सुरक्षा भनेको के हो?

विश्वासीको सुरक्षा भनेको परमेश्वरले उसलाई आफ्नो विश्वासमा दृढ रहन बल प्रदान गर्न कहिल्यै असफल हुनुहुनेछैन र अरू कुनै शक्तिले उसलाई परमेश्वरबाट टाढा लैजान सक्दैन भन्ने प्रतिज्ञा हो।

# पाठ 9

# परमेश्वरको चयन

(1) हामीले उहाँको न्याय बुझेको परमेश्वर चाहनुहुन्छ भनेर हामी कसरी थाहा पाउन सक्छौं?

परमेश्वरले किन तिनीहरू न्यायसंगत छन् भनेर व्याख्या गर्दै आफ्नो उद्धारको नीतिहरू व्याख्या गर्नुभएको छ।

(2) परमेश्वर न्यायी हुनुहुन्छ भनेर हामीले किन बुझ्नु महत्त्वपूर्ण छ?

हामीले उहाँ न्यायी हुनुहुन्छ भनेर नदेखेसम्म परमेश्वरको साँच्चै आराधना गर्न सम्भव हुनेछैन।

(3) परमेश्वरको सार्वभौमिकताको बारेमा बाइबलीय दृष्टिकोण के हो?

- परमेश्वरले मानिसहरूलाई परिणामसहितको वास्तविक चुनाउ गर्ने अनुमति दिनुभएको छ।
- परमेश्वरले मानिसहरूले गरेको चुनाउअनुसार जवाफ दिनुहुन्छ।
- कुनै पनि व्यक्तिले जे गरे पनि परमेश्वर आफ्नो अन्तिम योजना पूरा गर्न अति नै शक्तिशाली र बुद्धिमानी हुनुहुन्छ।

(4) रोमी 9 को मुख्य बुँदा के हो?

परमेश्वरले उद्धारको तरिका रोज्नुभएको छ, र अरू कुनै पनि तरिकाले कसैलाई बचाउन सकिँदैन।

(5) इस्राएलका आत्मिक विशेषाधिकारहरू के थिए?

- तिनीहरूले परमेश्वरलाई पिताको रूपमा पाएका थिए।
- तिनीहरूले पहिला परमेश्वरको महिमा प्रकट भएको देखे।
- तिनीहरुसँग थियो
    - आशिषको रूपमा करारहरू
    - व्यवस्था
    - आराधनाको प्रारूप
    - अन्तिम उद्धारका प्रतिज्ञाहरू
- तिनीहरूका पूर्वज यहूदी थिए
- येशू यहूदी वंशमा जन्मनुभयो।

(6) ख्रीष्टियान विश्वास र यहूदी धर्म बीचको पाँच सम्बन्ध के हो?

- ख्रीष्टियान र यहूदी धर्मका अनुयायीहरूले पुरानो करारमा प्रकट हुनुभएका परमेश्वरको आराधना गर्छन्।
- ख्रीष्टियानको धार्मिक र दार्शनिक आधार प्रदान गऱ्यो।
- ख्रीष्टियान र यहूदी धर्मका अनुयायीहरूले पुरानो करारलाई पवित्रशास्त्रको रूपमा स्वीकार गर्छन्, तर यहूदी धर्मका अनुयायीहरूले नयाँ करारलाई स्वीकार गर्दैनन्।
- ख्रीष्टियान विश्वासको संस्थापक येशू एक यहूदी हुनुहुन्थ्यो र उहाँले आफ्ना मानिसहरूको धर्मलाई पुष्टि गर्नुभयो।
- यहूदी धर्मको मुटु मसीही आशा थियो। सुरुका ख्रीष्टियानहरू यहूदीहरू थिए जसले येशूलाई यहूदी मसीह मान्थे।

(7) परमेश्वरले याकूबलाई रोज्नुभएको बारेमा रोमी 9 ले के भन्छ?

जब परमेश्वरले एसावको सट्टा याकूबलाई रोज्नुभयो, उहाँले कसलाई बचाउने भनेर छनौट गर्नुभएन। उहाँले उद्धारको योजना पूरा गर्न एकजनालाई रोज्नुभयो।

(8) हामी किन परमेश्वरको सार्वभौमिकतामा आनन्दित हुन सक्छौं?

हामी परमेश्वरको सार्वभौमिकतामा आनन्दित हुनसक्छौं किनभने उहाँ सधैँ बुद्धिमानी, असल, मायालु र उहाँले गर्ने सबै कुरामा न्यायी हुनुहुन्छ।

# पाठ 10
# जरुरी सन्देश

(1) रोमी 10 को मुख्य बुँदा के हो?

धार्मिकता विश्वासद्वारा पाउनुपर्छ, र विश्वासको आवश्यकताले सुसमाचार सन्देशलाई तुरुन्तै महत्त्वपूर्ण बनाउँछ।

(2) यहूदीहरूले कसरी आफूलाई धर्मी ठहराउने प्रयास गरे?

व्यक्तिगत धार्मिकताको सिद्ध अभिलेख स्थापित गरेर आफूलाई धर्मी ठहराउने प्रयास गरे।

(3) ख्रीष्ट आउनुभन्दा पहिलेका मानिसहरू कामहरूद्वारा बचाइएका थिएनन् भनेर हामी कसरी जान्दछौं?

पावलले स्पष्टरूपमा भनेका छन् कि कामहरूद्वारा आफ्नो धार्मिकता स्थापित गर्न खोज्नेहरू भ्रमित र हराएका थिए।

(4) उद्धार हाम्रो हृदय र मुखमा छ भन्ने कुराको अर्थ के हो?

हामी यसलाई विश्वास (हाम्रो हृदयमा) र अङ्गीकार (हाम्रो मुखले) द्वारा प्राप्त गर्छौं।

(5) मिसनेरीको सन्देश किन जरुरी छ?

किनकि मानिसहरू विश्वासद्वारा बचाइएका छन्, त्यसैले तिनीहरूले विश्वास गर्न सन्देश सुन्नु आवश्यक छ।

(6) रोमी 11 मा भएको रूखका हाँगाहरूको दृष्टान्त व्याख्या गर्नुहोस्।

इस्राएल परमेश्वरको रूखबाट भाँचिएका हाँगाहरू जस्तै थियो, र अन्यजातिहरू रूखमा कलमी बाँधिएका हाँगाहरू थिए। यहूदीहरू तिनीहरूको अविश्वासको कारणले भाँचिएका थिए। कलमी बाँधिएका जो कोही पनि यदि विश्वासमा रहिरहेन भने भाँचिनेछ। पहिले नै भाँचिएकाहरूलाई पुनर्स्थापित गर्न सकिन्छ।

(7) पुरानो करारमा भएको तीन प्रकारका प्रतिज्ञाहरूको सूची बनाउनुहोस्।

- उद्धारको प्रतिज्ञाहरू।
- आफ्ना जनहरूको हेरचाह गर्ने परमेश्वरका प्रतिज्ञाहरू।
- इस्राएललाई राष्ट्रको रूपमा प्रतिज्ञाहरू।

# पाठ 11
# सेवकाई र सम्बन्धहरू

(1) जीवित बलिदानको दृष्टान्त व्याख्या गर्नुहोस्।

> मार्नुपर्ने बलिदानजस्तै, हामी पूर्णरूपमा त्यागिएका छौं; तर मर्नुको सट्टा, हामी परमेश्वरको लागि जिउँदछौं। प्रतिबद्धता कायम राख्नुपर्छ। जीवित बलिदानको दृष्टान्तले हाम्रो बलिको समग्रतालाई जोड दिन्छ।

(2) हामी पूर्ण रूपमा परमेश्वरप्रति समर्पित हुनको लागि हामीले के गर्नुपर्छ?

> हाम्रो मनको नवीकरणद्वारा हामी रूपान्तरित हुनुपर्छ

(3) हामी किन नम्र हुनुपर्छ?

> हामीसँग भएका सबै कुरा परमेश्वरले हामीलाई दिनुभएको हो।

(4) *कमजोर भाइ र बलियो भाइ* शब्दहरूको व्याख्या गर्नुहोस्।

> कमजोर भाइ त्यो हो जसले त्यस्तो कार्यको लागि दोषी महसुस गर्छ जुन परमेश्वरले वास्तवमा निषेध गर्नुभएको छैन। बलियो भाइ त्यो हो जसले दोष बिना नै कार्य गर्नसक्छ किनभने उसलाई थाहा छ कि त्यो काम वास्तवमा परमेश्वरप्रति अवज्ञा होइन।

(5) यहूदी धर्म मान्नेहरू को थिए?

> यहूदी धर्म मान्नेहरू यहूदीहरू थिए जसले आफूलाई ख्रीष्टियान भएको दाबी गर्थे तर सोच्थे कि ख्रीष्टियानहरूले यहूदी धर्मको आवश्यकताहरू पूरा गर्नुपर्छ।

# पाठ 12

# मिसनहरूको लागि दर्शन

(1) पहिलो शताब्दीमा सुसमाचार फैलाउनका लागि तीनवटा महान् संस्कृतिहरूले संसारलाई कसरी तयार पारेका थिए भनी व्याख्या गर्नुहोस्।

*विद्यार्थीले यस पाठमा पाइने ग्रीक, रोमी र यहूदी संस्कृतिहरूको विवरणहरू सूचीबद्ध गर्नुपर्छ।*

(2) परमेश्वरले सधैँ अन्यजातिहरूकहाँ सुसमाचार पुर्‍याउनका लागि योजना बनाउनुभएको थियो भनेर प्रेरितले कसरी देखाए?

अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए कि:

- अन्यजातिहरू परमेश्वरको आराधक बन्नेछन्।
- मसीहले अन्यजातिहरूमाथि शासन गर्नुहुनेछ।
- अन्यजातिहरूले मसीहमा भरोसा गर्नेछन्।

(3) यरूशलेमको मण्डलीको लागि भेटी किन यति महत्त्वपूर्ण थियो?

भेटी पठाएर, अन्यजातिहरूले यहूदीहरूप्रति आफ्नो ऋण चुक्ता गरिरहेका थिए, किनभने यहूदी ख्रीष्टियानहरूले उनीहरूकहाँ सुसमाचार ल्याए। भेटी ग्रहण गरेर, यहूदीहरूले स्वीकार गर्थे कि अन्यजातिहरू एउटै मण्डलीमा छन्।

(4) पावल रोममा कसरी आइपुगे?

यरूशलेममा यहूदी शासकहरूले पक्राउ गरे, त्यस पछि रोमी राज्यपालले लगे र मुद्दाको लागि रोम पठाएपछि पावल कैदीको रूपमा रोम आइपुगे।

ख्रीष्ट-केन्द्रित। तालिम। सबैतिर।

shepherds
GLOBAL CLASSROOM

SHEPHERDSGLOBAL.ORG